जि.प्र.का. सप्तरी द.नं. ३१/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक २३५ २०७७ साल असार २९ गते सोमबार (13 July 2020 Monday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता विपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात वर्षसम्म कैद र सत्तरी हजार रुपौयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : चौबिस मुलुकबाट २६ हजारभन्दा ... ३ पृष्ठमा : मनसुन पछिको विपद् : ... ३ पृष्ठमा अमेरिकी राष्ट्रपति ...

# सप्तरीको विभिन्न स्थान जलमग्न
## गोबरगाढाका ७५ परिवार स्थानिय विद्यालयमा शरण




**दैनिक समाचारदाता**
**राजविराज, २८ असार ।**

सप्तकोशी नदीको बाढी पसेपछि सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १३ गोबरगाढा गाउँका ७५ परिवार बिस्थापित भई गाउँकै उच्च स्थानमा रहेको राष्ट्रिय आधारभुत प्राथमिक विद्यालयमा शरण लिएका छन् ।

चारैतिर कोशी नदीले घेरिएको सो गाउँमा शुक्रबार साँझ कोशीको बाढी पसेर घर डुवानमा परेपछि उनीहरु बिचल्लीमा परेका थिए । वडा अध्यक्ष बिन्देश्वर यादवको पहलमा चार वटा डुङ्गाको व्यवस्था गरि रातारात बाढीका कारण गर्भवति, बालबालिका र बृद्धबृद्धा समेत गरि ७५ परिवारलाई उच्च स्थानमा रहेको विद्यालयमा पुऱ्याइएको थियो ।

डुङ्गा चलाउने सीताराम यादव, लालु यादव, सन्तोष यादव र बलिराम सदाले अझ २५ परिवार बाढीले घेरिएको अवस्थामा रहेको र पालैपालो उद्धार गरि ल्याउने काम आइतबार पनि जारि रहेको बताए ।

हाल बिस्थापित भई विद्यालयमा राखिएकाहरु मध्ये तीन जना गर्भवति महिलासहित बालबालिका र बृद्धबृद्धा गरि ७५ परिवार रहेको तथा केहीमा स्वास्थ्य समस्या समेत देखिएको वडा अध्यक्ष यादवले बताएका छन् ।

वडा अध्यक्ष यादवले कोशीको बाढी विद्युतीय गतिमा पसेकाले चार वटा घर तथा एक दर्जन पशु चौपाया समेत बगाएको बताए । उनले अहिले पनि वर्षा जारि रहेकाले जोखीम बढ्दै गएको बताएका छन् ।

वडा अध्यक्ष यादवले कोशीको बाढी विद्युतीय गतिमा पसेकाले चार वटा घर तथा एक दर्जन पशु चौपाया समेत बगाएको बताए । उनले अहिले पनि वर्षा जारि रहेकाले जोखीम बढ्दै गएको बताएका छन् ।

यस्तै हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख शैलेश साहले बिस्थापित मध्ये केहीमा स्वास्थ्य समस्या रहेको खबर आफूलाई पनि प्राप्त भएको बताउँदै औषधीसहित स्वास्थ्यकर्मीको टोलीलाई डुङ्गामार्फत त्यसतर्फ पठाउने तयारी भइरहेको जानकारी दिए ।

टप्पु गाउँको नाममले चिनिने गोबरगाढा गाउँ पुग्ने सबै मार्ग बाढीका कारण डुवानमा परेकाले एकमात्र साधन डुङ्गाको प्रयोग गरिएको र फसेकाहरुलाई सुरक्षित स्थानमा ल्याउने क्रम जारि रहेको

***बाँकी अन्तिम पृष्ठमा***

# दाउरा संकलन गर्न गएका किशोर कोशीमा वेपत्ता

**दैनिक समाचारदाता**
**राजविराज, २८ असार ।**

दाउरा निकाल्न सप्तकोशी नदी गएका एक १४ वर्षिय बालक बगेर वेपत्ता भएका छन् ।

सुनसरीको बराहक्षेत्रका १४ बर्षिय अनिल बस्नेतलाई सप्तकोशी नदीको तिब्र बहावले बगाएको स्थानियले बताएका छन् ।

आइतबार बिहान सप्तकोशी नदीले बगाएर ल्याएका दाउरा संकलन गर्ने क्रममा उनी वेपत्ता भएको कोशी ब्यारेजस्थित प्रहरी चौकीले जानकारी दिएको छ ।

सप्तरी र सुनसरीको सीमासँग जोडिएको सप्तकोशी नदीले बगाएर ल्याउने दाउरा संकलन गर्ने कार्यमा तटिय क्षेत्रका बासिन्दाहरु अहिले दर्जनौंको संख्यामा खटिएका छन् ।

नदीको बहाव अहिले उच्च भएकाले आसपासका बासिन्दालाई सचेत रहन र सुरक्षित स्थानमा बस्न आग्रह गरिरहेपनि सुनसरी र सप्तरीका त्यस क्षेत्रका बासिन्दाहरु अटेर गरि नदीमा गएर बगेर आउने दाउरा संकलन गर्ने काम गरिरहेकाले त्यस्तो अप्रिय घटना हुने गरेको प्रहरीको भनाई छ ।

बगेर वेपत्ता भएको बालकको सुनसरी र सप्तरी प्रहरीले खोजी कार्य जारि राखेको बताइएको छ ।




# कोशीले बगाएको हरिणको जिवित्तै उद्धार

**दैनिक समाचारदाता**
**राजविराज, २८ असार ।**

सप्तकोशीले बगाएर ल्याएको एक हरिणको जिवित्तै उद्धार गरिएको छ ।



कोशीले बगाएर लादै गरेको अवस्थामा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४ स्थित रम्पुरा नजिकै स्थानियवासी अरुण मुखियाले उक्त हरिणको जिवित्तै उद्धार गरेका हुन् ।

हरिणलाई घर पुऱ्याएर उनले सो बारे प्रहरीलाई जानकारी गराएका थिए । इलाका प्रहरी कार्यालय हनुमाननगरबाट खटेको प्रहरीले टोलीले हरिणलाई पशु सेवा कार्यालयबाट आवश्यक उपचार गराई आइतबारै डिभिजन वन कार्यालय सप्तरीलाई बुझाएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी तिलक भारतीले जानकारी दिए ।

मुखियाले संयोगवस आफू कोशी किनारमा दाउरा बटुल्न गएको बेला हरिण बगिरहेको देखेर पौडी खेलेर बचाउन सफल भएको बताए ।

**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit
Prabhu Money Transfer
City Express
IME International Money Express
IME pay
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

## सम्पादकीय

### बालबालिकाप्रति संवेदनशिल हुनु आवश्यक

सप्तरी लगायत मुलुकभरी नै बालबालिकाहरु अहिले कोरोनाको माहामारीका कारण विद्यालय जान सकेका छैनन्। चार महिनासम्म विद्यालयको मुख हेर्न नपाएका बालबालिकाहरुले घरमा बसेर पठनपाठनमा खासै ध्यान दिएको देखिदैन्। उनीहरु खेलखेलमै दिन बिताउने गरेका छन्। खासगरी स-साना बालबालिकाहरु पढ्नु भन्दा खेल्नुमा समय व्यतित गर्दै आएका छन्। सामुदायिक विद्यालयका बालबालिकाहरुलाई अहिले सरकारको निर्देशनमा पाठ्यपुस्तक समेत बितरण गरिएको छ। जसले उनीहरु थोरै पनि आफै पढ्न सक्छन्।

यस्तै निजि विद्यालयका बालबालिकाहरु बैकल्पिक शिक्षाको रुपमा इन्टरनेट सेवाबाट शिक्षा हासिल गरेको पाइन्छ। तर, सबै बालबालिका यसबाट लाभान्वित भएको देखिन्न्। तसर्थ उनीहरु घरमा बसेको बेला बैकल्पिक शिक्षाका लागि अभिभावक समेतले ध्यान दिनु पर्ने आवश्यकता रहेको छ।

# चौबिस मुलुकबाट २६ हजारभन्दा बढी स्वदेश फर्किए

काठमाडौं, २८ असार (रासस)।

कोभिड-१९ महामारीका कारण विभिन्न मुलुकमा अफ्ठ्यारोमा परेका २६ हजार ३९६ नेपाली स्वदेश फर्किएका छन्। कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (सिसिएमसी)को पछिल्लो विवरणअनुसार यही असार २७ गतेसम्म विभिन्न २४ मुलुकबाट भएको चार्टर्ड उडानमार्फत उनीहरू घर फर्किएका हुन्। यीमध्ये सबैभन्दा धेरै युएईबाट पाँच हजार ५२६, कुवेतबाट पाँच हजार २४३, साउदी अरेबियाबाट चार हजार ३०, मलेसियाबाट तीन हजार ५३ र कतारबाट दुई हजार ८८४ स्वदेश फर्किएका छन्।

प्रदेशगत हिसाबले सबैभन्दा बढी वाग्मती प्रदेशका सात हजार ६६०, प्रदेश नं १ का पाँच ४७८, प्रदेश नं ५ का चार हजार ३४१, प्रदेश नं २ का चार हजार ३४४, गण्डकी प्रदेशका तीन हजार ३५०, सुदूरपश्चिम प्रदेशका ६३७ र कर्णाली प्रदेशका ५८६ नेपाल फर्किएका छन्।

उद्धारका उडानका लागि नेपालका दुई एयरलाइन्स नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स) र हिमालय एयरलाइन्स तथा विभिन्न विदेशी एयरलाइन्सले चार्टर्ड उडान गरेका थिए। गत जुन ५ मा जजीरा एयरले पहिलो चार्टर्ड उडानमार्फत कुवेतबाट नेपाली ल्याएको थियो। यसपछि दुई नेपालीसहित विभिन्न मुलुकका एयरलाइन्सले चार्टर्ड उडान गरी नेपाली स्वदेश ल्याएका हुन्।

नेपाल एयरलाइन्सले जुन ११ देखि उद्धार उडान गरेको थियो। पछिल्लो पटक जुलाई १२ तारिखसम्मको उडान तालिका सार्वजनिक गरी धमाधम चार्टर्ड उडान गरिरहेको छ। हिमालयले जुन १६ देखि जुलाई १२ सम्म उद्धारका लागि चार्टर्ड उडान भरेको थियो।

सरकारले गत जेठ १६ गते तेस्रो मुलुकमा रहेका नेपाली नागरिकलाई प्राथमिकीकरण गरेर स्वदेश फर्काउने निर्णय गरेको थियो। सिसिएमसीको निर्णयअनुरुप पहिलो चरणमा २५ हजार स्वदेश फर्काउने निर्णय गरेको थियो। अझै प्राथमिकतामा पर्ने धेरै नेपाली विदेशबाट फर्कनुपर्ने अवस्था भएकाले मन्त्रालयले थप उडानको तालिका निर्धाण गरेको छ।

**जुलाई २२ सम्म ४२ उडान हुने**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले विभिन्न मुलुकबाट गरिने उद्धार उडान जुलाई १२ सम्म निर्धारण गरेको थियो। यस बीचमा २६ हजारभन्दा बढी नेपाली स्वदेश फर्किए। मन्त्रालयले आगामी जुलाई १५ देखि २२ सम्मको थप चार्टर्ड उडान तालिका सार्वजनिक गरेको हो। यस अवधिमा ४२ वटा उडान हुँदैछन्। यसमा नेपाल एयरलाइन्सको मात्रै २४ उडान हुनेछ।

मन्त्रालयले बनाएको उडान तालिकाअनुसार उसले जुलाई १५ मा दुबईमा दुई उडान गर्नेछ भने हिमालय एयरलाइन्सले आबुधाबीमा दुई उडान गर्नेछ। जुलाई १६ मा नेपाल एयरलाइन्सले साउदी अरेबियाको दमाम र कतारको रियादमा तीन तथा हिमालयले समान तीन उडान गर्ने तालिका छ। त्यस्तै जुलाई १७ मा नेपाल एयरलाइन्सले कतारमा दुई र हिमालयले बहराइनमा दुई उडान गर्नेछन्। जुलाई १८ मा नेपाल एयरलाइन्सले दुबई र दोहामा चार उडान गर्नेछ। सोही दिन हिमालयले आबुधाबीमा दुई उडान गर्नेछ।

त्यसैगरी जुलाई १९ मा मलेसिया गन्तव्यमा ती एयरलाइन्सले दुई/दुई उडान गर्नेछन्। यसैगरी जुलाई २० मा तीन/तीन उडान गर्नेछन्। जुलाई २१ मा मलेसिया गन्तव्यमा दुई एयरलाइन्सले समान दुई उडान गर्ने तालिका सार्वजनिक गरिएको छ।

जुलाई १४ र १४ मा नेपाल एयरलाइन्सले संयुक्त राष्ट्रसङ्घको मिशनमा नेपाली सेना लैजानका लागि चार्टर्ड उडान गर्नेछ भने सोही अवधिमा कोरियन एयरले दक्षिण कोरियाको सिओलबाट चार्टर्ड उडान गरी नेपाली ल्याउने जनाइएको छ।

सम्बन्धित मुलुकबाट एयर अरेबिया, फ्लाई दुबईले दैनिक एक उडान गर्नेछन् भने जजिरा एयरले दैनिक दुई उडान गरी नेपाली स्वदेश फर्काउनेछ। सोही अवधिभर मालिन्दो एयरले पनि दैनिक दुई उडान गर्नेछ।

पर्यटन मन्त्रालयले जुलाई महिनामा विभिन्न मुलुकबाट गरिने उद्धार उडानका लागि नेपाल एयरलाइन्सलाई तीन र हिमालयलाई दुई उडान अनुमति दिएको थियो।

कोभिड-१९ महामारीका कारण विभिन्न मुलुकमा अलपत्र परेका नेपालीको उद्धार गरी नेपाल ल्याउन सरकारले दिएको अनुमतिअनुरूप दुवै एयरलाइन्सले उडान तालिका बनाएर चार्टर्ड उडान गरिरहेका हुन्। यी एयरलाइन्सले चीनका विभिन्न गन्तव्य, बङ्गलादेश, मलेसियाको क्वालालम्पुर, साउदी अरेबियाको रियाद, दमाम, युएईको अबुधाबी, कतारको दोहा, बहराइन, कुवेत, जापानलगायत मुलुकबाट नेपाली स्वदेश फर्काउन चार्टर्ड उडान गरिरहेका छन्।

अन्तर्राष्ट्रिय विमानस्थलमा अहिले दैनिक नौदेखि १६ वटा चार्टर्ड उडान हुँदै आएका छन्। असार महिनामा धेरै सङ्ख्यामा उडान भएको विमानस्थलको विवरण छ। यही असार १२ गते एकै दिन १६ अन्तर्राष्ट्रिय उडान भएको थियो। यसअघि असार १० र ११ मा दैनिक १५ उडान भए। शनिबार पनि एकै दिन १६ अन्तर्राष्ट्रिय उडान भएको थियो।

# मिर्गौला प्रत्यारोपणको चिकित्सकसहित चार पक्राउ

चितवन, २८ असार (रासस)।

कलेज अफ मेडिकल साइन्सेज भरतपुरका प्रमुख कार्यकारी निर्देशकसहित चारजना पक्राउ परेका छन्। उनीहरूलाई नेपाल प्रहरीको मानव बेचबिखन तथा अनुसन्धान ब्यूरोले शनिबार साँझ पक्राउ गरेको हो।

कलेजका निर्देशक मनोहर प्रधानका अनुसार एक वर्षअघि गरिएको मिर्गौला प्रत्यारोपणका विषयमा प्रमुख कार्यकारी निर्देशक डा सुप्रभात श्रेष्ठ, डा बालकृष्ण कालाखेती, जिल्ला प्रशासन कार्यालय चितवनका प्रशासकीय अधिकृत रामचन्द्र ढकाल र कानूनी सल्लाहकार रमेश काफ्लेलाई सोधपुछका लागि ब्युरोले नियन्त्रणमा लिएको छ। कलेजको मानव अङ्ग प्रत्यारोपण समितिमा पाँचजना सदस्य रहेका छन्।

उहाँहरूबाहेक समितिका सदस्य सर्जन डा राकेश बर्मा भने शनिबार फेला नपरेको प्रहरी स्रोतले जनाएको छ। प्रधानका अनुसार एक वर्षअघि काठमाडौँका एक पुरुषको मिर्गौला प्रत्यारोपणको विषयलाई लिएर उहाँहरूलाई अनुसन्धान गर्ने भन्दै नियन्त्रणमा लिइएको हो। प्रत्यारोपण भएका व्यक्ति नेपाली भएको र सरकारका सबै मापदण्ड पूरा गरेर प्रत्यारोपण गरिएको भए पनि के कति कारणले नियन्त्रणमा लिइएको हो भन्ने प्रष्ट नभएको बताउनुभयो। हालसम्म सो मेडिकल कलेजले चार जनाको मृगौला प्रत्यारोपण गरेको जनाएको छ।

## राधाकृष्ण रथयात्रा स्थगित

विराटनगर, २८ असार (रासस)।

विगत ८५ वर्षदेखि विराटनगर महानगरमा निरन्तररूपमा सञ्चालन हुँदै आएको भगवान् श्रीराधाकृष्णको रथयात्रा यस वर्ष कोभिड-१९ का कारण स्थगित गरिएको छ। राधाकृष्ण मन्दिर समितिद्वारा शनिबार यहाँ आयोजित पत्रकार सम्मेलनमा नागरिकको स्वास्थ्य एवं सुरक्षाका कारण यस वर्ष साउन २८ गते हुने रथयात्रा सञ्चालन गर्न असमर्थ रहेको जनाएको छ।

मन्दिर कार्यसमितिका अध्यक्ष बाबुराजा ओझाले प्रत्येक वर्ष नेपाल र भारतका गरी पाँच लाख भक्तजन एवं श्रद्धालुले प्रत्यक्ष अवलोकन गर्ने गरेको रथयात्रा कोभिड-१९ महामारी, बन्दाबन्दी, सामाजिक दूरी एवं विश्व स्वास्थ्य सङ्गठनको निर्देशनअनुसार यस वर्ष स्थगित गरिएको जानकारी दिनुभयो। विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीले बाध्यात्मक परिस्थितिले जनताको स्वास्थ्य एवं सुरक्षाका कारण समुदायमा सङ्क्रमण नफैलियोस् भन्नका लागि रथयात्रा स्थगित गरेको बताउनुभयो।

मन्दिर व्यवस्थापन समितिले धार्मिक परम्परालाई ध्यानमा दिई विधिविधानअनुसार शुभसाइतमा कार्यसमितिको सहभागितामात्र साउन २८ गते भगवान् राधाकृष्णको खटलाई गाडीमा राखी नगर परिक्रमा गर्ने बताइएको छ। यसैगरी मन्दिरले वार्षिक रूपमा मनाउँदै आएको झुलन महोत्सव साउन १५ देखि र साउन २७ गतेको जन्माष्टमी पर्व भव्यरूपमा मनाउन स्वास्थ्य एवं सुरक्षाका लागि स्थगित गरेको जनाएको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

"जिम्मेवारी, प्राथमिकता उत्तरदायी सहितको हाम्रो कामना : लैङ्गिक हिंसा, अन्त्य हाम्रो चाहना।"
"सूचना र प्रविधि सहितको तीन तहको सरकार : लैङ्गिक हिंसा निर्मुल सबैको जिम्मेवार।"
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# मनसुन पछिको विपद् : २९ दिनमा ८८ को मृत्यु, ३२ बेपत्ता

काठमाडौं, २८ असार (रासस) । मनसुन सक्रिय भए पछिको २९ दिनमा मुलुकले ठूलो जनधनको क्षति बेहोर्नुपरेको छ । सबैभन्दा बढीपहिराले क्षति पुऱ्याएको छ । प्राप्त विवरणअनुसार मुलुकका विभिन्न १९ जिल्ला धेरै प्रभावित भएको छ । मनसुन सक्रिय भएपछिको २९ दिनमा ती जिल्लामा बाढी र पहिरोबाट ८८ जनाले ज्यान गुमाएका छन् । अझै ३२ जना बेपत्ता छन् । बेपत्ताहरूको खोजी र राहत तथा पुनर्स्थापनको काम जारी रहेको गृहमन्त्रालयले जनाएको छ ।

प्राप्त विवरणअनुसार मुख्यगरी म्याग्दी, सिन्धुपाल्चोक, पर्वत, बझाङ, कास्की, जाजरकोट, पाल्पा, लम्जुङ र गुल्मी जिल्लामा बढी मानवीय क्षति भएको छ । विपद्बाट मानवीय क्षति बेहोर्ने अन्य जिल्लामा झापा, चितवन, सल्यान, कालीकोट, सुर्खेत, गोरखा, स्याङ्जा, बाग्लुङ, डोटी र दार्चुला रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

सबैभन्दा बढी म्याग्दीमा पहिरामा परेर २७ जनाले ज्यान गुमाएका छन् भने सबैभन्दा बढी पहिरामा परेर सिन्धुपाल्चोकमा २० जना हराइरहेका छन् । तराइका विभिन्न जिल्ला भने डुबान र कटानको समस्याबाट प्रभावित भएको छ । मनसुन सक्रिय भएको दिन जेठ ३१ गते पर्वतको कुश्मा नगरपालिका-३ दुर्लुङमा अकल्पनीय रूपमा पहिरो जाँदा नौ जनाले ज्यान गुमाएका थिए । जङ्गलमाथिबाट भेलपहिरो खसेको थियो ।

असार ८ गते पाल्पाको तानसेन नगरपालिकास्थित सम्मोबारीमा फेरि अर्को विपद्को घटना दोहोरिँदा चार जनाले ज्यान गुमाए । बझाङमा असार २० गते त्यसैगरी पहिरो खस्दा सात जनाले ज्यान गुमाएका छन् । त्यहाँ अझै एकजना बेपत्ता रहेको प्राधिकरणले जनाएको छ । बझाङ र पर्वतको भेलपहिरो अकल्पनीय रहेकाले त्यहाँको पहिरो अध्ययन गर्न प्राविधिक समूह नै पठाइएको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेल बताउनुहुन्छ । उहाँका अनुसार यसपटकको अप्रत्यारिलो ठाउँको पहिराले कहालिलाग्दो क्षति पुऱ्याएको छ । त्यसपछि बिहीबार र शुक्रबार मुलुकका विभिन्न स्थानमा पहिरो खस्दा धेरै जनधनको क्षति भयो ।

**म्याग्दीमा २७ को मृत्यु**

म्याग्दीका प्रमुख जिल्ला अधिकारी ज्ञाननाथ ढकालले शनिबार साँझ राससलाई दिनुभएको विवरणअनुसार जिल्लाको धवलागिरि, मालिका, रघुगङ्गा गाउँपालिकामा गरी पहिरामा परेर २७ जनाको मृत्यु भएको छ । अझै चारजना बेपत्ता छन् । बेपत्ता भनिएका तीनजना सम्पर्कमा आएको ढकालले जानकारी दिनुभयो ।

"अहिलेसम्म प्रभावित ८९६ जनालाई सुरक्षित स्थानमा सारिएको छ । राहत सामग्री, त्रिपाल, खाद्यान्न, लत्ताकपडा, कम्बल आवश्यक मात्रामा हेलिकप्टरबाट पुऱ्याइसकिएको छ, हराइरहेकाको खोजी जारी छ", प्रजिअ ढकालले भन्नुभयो । उहाँका अनुसार ५० बोरा चामल, आवश्यक मात्रामा नुन, तेल, मसला, चाउचाउ, पाल, कम्बल ब्ल्याङ्केट सबै पुऱ्याइसकिएको छ । म्याग्दीमा घाइते भएका १२ जनाको हेलिकप्टरबाट उद्धार गरी केहीलाई काठमाडौँ र पोखरा पठाइएको र सात जनाको बेनीमा उपचार भइरहेको छ ।

**सिन्धुपाल्चोकमा अझै २० बेपत्ता**

सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिकास्थित जम्बुबजार र भोटेकोसी गाउँपालिकामा बाढी र पहिराका कारण तीन जनाको मृत्यु भएको र अझै २० जना बेपत्ता भएको प्रजिअ उमेशकुमार ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार प्रारम्भिक विवरणमा ५२ घर बाढी र पहिराले क्षति पुऱ्याएको छ । यहाँको प्रभावित क्षेत्रमा ६५ घर परिवारलाई पुग्ने राहत सामग्री तथा लत्ताकपडा जिल्लाबाट पठाइएको र खाद्यान्न भने स्थानीय पालिकाले व्यवस्थापन गरेको उहाँले जानकारी दिनुभयो । अहिले पनि सबै सुरक्षाकर्मीले त्यहाँ उद्धार जारी राखेका छन् । काठमाडौँबाट समेत उद्धार टोली पुगेर जम्बुबजारमा हराइरहेकाको खोजी जारी छ । हराएका भनिएका एक जना भने सम्पर्कमा आएको उहाँले जानकारी दिनुभयो ।

**कास्कीमा सातको मृत्यु, १३ घाइते**

कास्कीको सराङकोट, हेम्जा र पैतेडाँडामा शुक्रबार पहिराले जनधनको क्षति पुऱ्याएको थियो । कास्कीमा सातको मृत्यु भएको र १३ जना घाइते रहेको प्रजिअ ज्ञानप्रसाद ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार सराङकोटमा पाँच, हेम्जामा एक र पैतेडाँडामा एक जनाको मृत्यु भएको थियो ।

**जाजरकोट नौ जनाको मृत्यु**

जाजरकोटबाट प्राप्त विवरणअनुसार नौ जनाको मृत्यु भएको छ । प्रजिअ जनकराज पन्तले राससलाई दिनुभएको जानकारीअनुसार त्यहाँको बारेकोट गाउँपालिका-४ लगायत स्थानमा पहिरो जाँदा नौ जनाको मृत्यु भएको हो । अझै ६ जना बेपत्ता नै छन् । उनीहरूको खोजी जारी रहेको र राहत तथा पुनर्स्थापनको काम चलिरहेको छ ।

**अन्य जिल्लामा पनि मानवीय क्षति**

प्राधिकरणबाट प्राप्त विवरणअनुसार विपद्मा परेर गुल्मीमा पाँचको मृत्यु भएको छ भने एकजना बेपत्ता छन् । यस्तै लम्जुङमा चारको मृत्यु भएको छ । रुकुम पश्चिम र दार्चुलामा दुई/दुई जनाको मृत्यु भएको छ । बाढीपहिरोमा परेर गोरखा, स्याङ्जा, बाग्लुङ, डोटी, सल्यान, कालीकोट, सुर्खेत, झापा र चितवनमा एक/एक जनाको मृत्यु भएको प्राधिकरणले जनाएको छ । म्याग्दीमा चार, बझाङमा एक, जाजरकोटमा ६, गुल्मीमा एक, सिन्धुपाल्चोकमा २० जना अझै बेपत्ता रहेको सम्बन्धित जिल्लाका प्रजिअले जानकारी दिनुभएको छ ।

# तेत्तीस किलो सुन काण्डका आरोपी पक्राउ

काठमाडौं, २८ असार (रासस) । तेत्तीस किलो सुनकाण्डका फरार प्रतिवादीलाई शनिबार प्रहरीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरेको छ । पक्राउ पर्नेमा फरार प्रतिवादी हरिशरण खड्का रहेको केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक नीरजबहादुर शाहीले जानकारी दिनुभयो ।


उहाँका अनुसार उनी इन्टरपोलमा 'रेडकर्नर नोटिस' जारी भएका प्रतिवादी हुन् । अध्यागमनका कर्मचारीले उनको पहिचान गरेपछि प्रहरीलाई खबर गरेका थिए । त्यसपछि उनी पक्राउ परेको शाहीले जानकारी दिनुभयो । उहाँका अनुसार सो सुनकाण्डमा ७७ जनाविरुद्ध मुद्दा चलाइएको छ । उनी पछिल्लो समयमा युएई बस्दै आएका थिए ।

# भारतीय सिने कलाकार अमिताभ बच्चनसहित उनका परिवार कोरोना संक्रमित

मुम्बई, २८ असार (रासस/एएनआई) । भारतीय सिनेमा जगतको उच्च प्रतिष्ठा स्थापित गर्दै विश्व सिनेमा जगतमा चर्चित व्यक्तित्व अमिताभ बच्चन र उहाँका श्रीमती, छोरा, बुहारी र नातीनीसमेतलाई कोभिड-१९ सङ्क्रमण पुष्टि भएको भारतीय अधिकारीहरूले पुष्टि गरेका छन् ।

पहिलो पटक गरिएको परिक्षणमा नायिका ऐश्वर्या राय बच्चन, उनकी छोरी आराध्या बच्चन र कलाकार जया बच्चनको रिपोर्ट नेगिटिभ आएको थियो । तर, दोश्रो पटक गरिएको परिक्षणमा ऐश्वर्या र आराध्याको रिपोर्ट पोजिटिभ आएको छ ।

उहाँहरूले आफुलाई कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छुट्टाछुट्टै ट्विटमार्फत पनि शनिबार जानकारी गराउनुभएको छ । उहाँहरू नानावती अस्पतालको आइसोलेसन वार्डमा भर्ना भई उपचार सेवा सुरू गरिसक्नुभएको सन्देशमा उल्लेख छ । उहाँहरूलाई सङ्क्रमणको 'हल्का लक्षण'हरू देखिएको बताइएको छ ।



सङ्घीय सरकारका स्वास्थ्यमन्त्री हर्षवर्धनले पनि बच्चनद्वय कोभिड-१९ सङ्क्रमित भएको पुष्टि गर्दै भन्नुभयो, "७७-वर्षीय अमिताब र छोरा अभिषेकलाई कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको र सबै जनालाई अस्पताल भर्ना गरिएको छ ।"

भारतको बढी प्रभावितमध्ये एक राज्य महाराष्ट्रको मुम्बईमा शनिबारसम्म कूल ९१ हजार ४५७ व्यक्ति कोभिड-१९ सङ्क्रमित भएकोमा अझै २२ हजार ७७९ व्यक्तिले विभिन्न स्थानमा उपचार सेवा लिइरहेका छन् भने आइतबारसम्म पाँच हजार २४१ व्यक्तिको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

बच्चन परिवार कोभिड-१९ सङ्क्रमित भएको भारतीय सञ्चारमाध्यममा सार्वजनिक भएसँगै फेसबुक र ट्वीटरलागयतका सामाजिक सञ्जालहरूमा उहाँहरूको स्वास्थ्यलाभको कामनाका सन्देशहरूले भरिएका छन् ।

## विश्व समाचार

### अमेरिकी राष्ट्रपति ट्रम्पद्वारा मास्कको प्रयोग

वासिङ्टन, २८ असार (रासस/एपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कोरोनाभाइरसको महामारी शुरु भएपछि पहिलो पटक सार्वजनिकरूपमा मास्कको प्रयोग गर्नुभएको छ ।

यसअघि कोरानाभाइरसको महामारीलाई कम महत्व दिदै आउनु भएका ट्रम्पले मास्कको प्रयोग उपयोगी छ र गर्नुपर्दछ भन्ने सन्देश दिनेगरी मास्क लगाउनु भएको हो ।

उहाँले यसअघि आफूले मास्क नलगाउने बताउनु भएको थियो भने डेमोक्र्याटिक प्रतिस्पर्धी जो बाइडनले लगाएकोमा उपहास गर्नु भएको थियो ।

गत अप्रिल महिनामा अमेरिकाको 'सेन्टर्स फर डिजिज कन्ट्रोल एन्ड प्रेभेन्सन (सीडीसी)' ले भाइरसको विस्तार रोक्न मास्क वा कपडाले मुख छोप्न सुझाव दिदाँ पनि ट्रम्पले अस्विकार गर्दै र वेवास्ता गर्दै आउनुभएको थियो ।

शनिबार अमेरिकी सैनिक अस्पतालको अवलोकन भ्रमणका क्रममा उहाँले मास्क लगाएको फोटो अहिले भाइरल भएको छ ।

वाल्टर रिड नेशनल मिलिट्री मेडिकल सेन्टरमा उहाँ शनिबार हेलिकोप्टर मार्फत् जानुभएको थियो । मास्क लगाएको अवस्थामा सार्वजनिक भएपछि उहाँले विषेश गरेर अस्पतालमा आएको बेला मास्क लगाउनु स्वास्थ्यका लागि राम्रो हुने प्रतिक्रिया दिनुभएको थियो । उहाँ घाइते सिपाही र स्वास्थ्यकर्मीहरूलाई भेट्न वाशिङ्टनबाहिर रहेको सो अस्पतालमा जानु भएको हो ।

अमेरिकामा पछिल्लो २४ घण्टामा ६६,००० भन्दा बढी नयाँ सङ्क्रमित भेटिएको जोन्स हप्किन्स विश्वविद्यालयले जनाएको छ । महामारी सुरु भएदेखि अहिलेसम्म अमेरिकामा झन्डै १,३५,००० हजार मानिसको मृत्यु कोरोनाकै कारण भएको जनाइएको छ ।

### विश्वभरी सवा करोड मानिस संक्रमित, भारतमा एकैदिनमा २८ हजार संक्रमित

बेइजिङ, २८ असार (रासस/सिन्ह्वा/एएनआई) । कोरोनाभाइरसबाट विश्वभरी सङ्क्रमित भएकाहरुको संख्या एक करोड २६ लाखभन्दा बढी पुगेको छ । जोन्स हकिन्स विश्वविद्यालयले दिएको जानकारी अनुसार विश्वभरी एक करोड २६ लाख ७१ हजार ५९२ जना सङ्क्रमित भएका छन् ।

त्यसैगरी सबैभन्दा धेरै अमेरिकामा ३२ लाख ४२ हजार, दोस्रो धेरै ब्राजिलमा १८ लाख ३९ हजार र तेस्रो धेरै सङ्क्रमित रहेको भारतमा कूल आठ लाख २० हजार जना सङ्क्रमित भएका छन् ।

त्यसैगरी रुसमा सात लाख १९ हजार, पेरुमा तीन लाख २२ हजार, चिलिमा तीन लाख १२ हजार, बेलायतमा दुई लाख ९० हजार, मेक्सिकोमा दुई लाख ८९ हजार, दक्षिण अफ्रिकामा दुई लाख ६४ हजार जना र चीनमा ८५ हजार ५१८ जनाभन्दा बढी सङ्क्रमित भएको विश्वविद्यालयले जनाएको छ ।

### देशमा अशान्ति भएपछि मालीका राष्ट्रपतिद्वारा संवैधानिक अदालत विघटनको घोषणा

बामाको, २८ असार (रासस/एएफपी) । मालीमा विगत केही हप्तादेखि जारी देशव्यापी आन्दोलनका कारण अशान्ति फैलिएपछि मालीका राष्ट्रपति इब्राहिम बोउबाकर केइटाले संवैधानिक अदालतलाई विघटन गर्नुभएको छ ।

संसदीय निर्वाचनको अस्थायी नतिजालाई गत अप्रिलमा संवैधानिक अदालतले अमान्य ठहर गरिदिएपछि असन्तुष्ट समूहले देशव्यापी आन्दोलनको घोषणा गरेको थियो । संवैधानिक अदालतको निर्णय निष्पक्ष नभएको भन्दै शुरू भएको आन्दोलन प्रतिदिन सशक्त बन्दै गएको र देशभर हिंसात्मक गतिविधि बढ्न थालेका समय राष्ट्रपतिबाट विवादास्पद संवैधानिक अदालतका सम्पूर्ण पदाधिकारीलाई बर्खास्त गर्दै सुधारको प्रतिवद्धता व्यक्त गर्नुभएको हो ।

राष्ट्रपति केइटाले भन्नुभयो, "मैले संवैधानिक अदालतका बाँकी सदस्यहरूको इजाजतपत्र रद्द गर्ने निर्णय गरिसकेको छु । अदालतको यो विघटनले सम्बन्धित अधिकारीलाई अदालतलाई स्वच्छ तथा निष्पक्ष सावित गर्नेगरी नयाँ सदस्यहरूको मनोनयन गर्न मार्ग प्रशस्त गर्नेछ र विवादलाई अन्त्य गर्नेछ ।" अदालतको सुधारले आन्दोलनरत पक्षको आवेगलाई मत्थर गर्ने विश्वास गरिएको छ ।

राष्ट्रपति केइटाले राष्ट्रिय टेलिभिजनमार्फत् गरेको सम्बोधनमा भन्नुभयो, "संवैधानिक अदालत सुधारको हाम्रो निर्णयले संसदीय निर्वाचनबाट उब्जिएका विवादलाई अन्त्य गरेको छ ।"

देश अशान्त बन्दा कोरोना भाइरस महामारीका कारण सिर्जित समस्याहरूतर्फ ध्यान विकेन्द्रित हुँदा देशले महामारीका कारण अनपेक्षित क्षति व्यहोर्नुपर्ने बताउँदै अब सबै मिलेर विश्वव्यापी महामारीका रूपमा फैलिएका कोभिड-१९ विरुद्धको लडाइँमा अग्रसर हुनुपर्ने राष्ट्रपति केइटाले बताउनुभयो ।

# विपद्का बेला उच्च जोखिममा काम गर्नेहरु नगदसहित सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, २८ असार ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले कोरोनाको महामारी, बाढी, आगलागि लगायत विपद्का बेला उच्च जोखिममा काम गर्नेहरुलाई नगदसहित सम्मान गरेको छ ।

गाउँपालिकाले आफ्नो चौथो गाउँसभाको अवसरमा कोरोना महामारी तथा विपदको बेला योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई सम्मान गरेको हो ।

सम्मानित हुनेहरुमा कोरोनाको उच्च जोखिमका बीच क्वारेन्टाइनमा बसेका आसंकितहरुका लागि खान पकाएर खुवाउने भान्से, आसंकितहरुको स्वास्थ्य परिक्षणमा खटिने स्वास्थ्यकर्मी, क्वारेन्टाइन सुरक्षार्थ खटिने सुरक्षाकर्मी तथा आसंकित र संक्रमितलाई सम्बन्धीत स्थानमा पुऱ्याउने एम्बुलेन्स चालकसम्म छन् ।

सम्मानितहरुमा भान्से कैलु मण्डल, बिरेन्द्र साह, एम्बुलेन्स चालक अमरेन्द्र देव तथा क्वारेन्टाईन ब्यवस्थापन र परिक्षणतर्फ खटिएका सन्तोष कुमार झा, रन्जन कुमार यादव, प्रधानाध्यापक विपिन झा र सन्तोष सिंह लगायत छन् ।

त्यस्तै आ-आफ्नो वडामा उत्कृष्ट कार्य गर्ने वडा सचिव तथा सुरक्षा क्षेत्रमा योगदान पुऱ्याउने सुरक्षाकर्मीहरुलाई समेत कदरपत्रबाट सम्मान गरिएको निमित्त प्रमुख प्रशासकीय अधिकृत राजुकुमार झाले बताए । उनी सबैलाई नगद २ हजार १ सय, प्रशंसा पत्र तथा दोसल्ला ओढाएर गाउँपालिका प्रमुख सतिश सिंहले सम्मान गरेका छन् ।

गाउँसभाले चट्याङ, आगलागि, सितलहर, बाढी, सर्पदंश जस्ता प्रकोपका कारण ज्यान गुमाएका मृतक परिवारहरुलाई क्रिया खर्च वापत जनही २५ हजार रुँपैया सहयोग गर्ने निर्णय समेत गरेको गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश झाले जानकारी दिएका छन् ।

# भन्सार छलेर ल्याउँदै गरेको कपडा र सूर्ती बरामद

**दैनिक समाचारदाता**
**राजविराज, २८ असार ।**

प्रहरीले सप्तरीको विभिन्न स्थानहरुबाट भन्सार छलेर ल्याउँदै गरेको कपडा र सुर्ती बरामद गरेको छ ।

पछिल्लो पटक जिल्लाको विष्णुपुर गाउँपालिका ६ रंजितपुर स्थितमा भारतबाट नेपाल तर्फ भन्सार छली टाउकोमा बोकी ल्याउदै गरेको पाँच हजार मुल्य बराबरको कपडा प्रहरीले बरामद गरेको हो ।

त्यस्तै राजबिराज १३ बिषहरिया स्थितमा भारतबाट नेपाल तर्फ अवैध रुपमा टाउकोमा बोकी ल्याउदै गरेको १५ हजार मुल्य बराबरको कुर्ता सुरवालको कपडा बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

त्यसैगरि जिल्लाको हनुमाननगर कंकालनि नगरपालिका १ सकरदही स्थितमा भारतबाट नेपाल तर्फ अवैध रुपमा भन्सार छलि साईकलमा ल्याउदै गरेको १० हजार मुल्य बराबरको कबिर छाप सुर्ति भारदह प्रहरीले बरामद गरेको छ ।

ती सबै कपडा र सूर्ती भन्सार कार्यालय तिलाठीमा बुझाइएको प्रहरीले जनाएको छ ।

# अवैध युरिया मल बरामद

लहान, २८ असार (रासस) ।

सिरहामा रसायनिक मलको अभाव रहेका बेलामा भारतबाट अवैध रूपमा ल्याएर लुकाई-छिपाई राखेको ३८ बोरा युरिया मल प्रहरीले बरामद गरेको छ ।

भारतीय सीमासँग जोडिएको सिरहाको बरियारपट्टी गाउँपालिका-३ स्थित जीवछ साहको घरमा गोदाम बनाएर विक्री वितरणका लागि राखेको सूचनाका आधारमा प्रहरी टोलीले आइतबार बिहान सो परिमाणको मल बरामद गरेको हो ।

बरियारपट्टी बजारस्थित साहको गोदामबाट मल बरामद भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक विनोद घिमिरेले जानकारी दिनुभयो । मल बरियारपट्टी भन्सार कार्यालयलाई बुझाइएको र गोदाम सञ्चालकमाथि राजश्व छली तथा कलाबजारी ऐनअनुसार करवाही गरिने उहाँले जानकारी दिनुभयो ।

यस्तै प्रहरीले भारतबाट अवैध रूपमा ल्याउँदै गरेको अवस्थामा १५३ पोका गुट्खा सहित सिरहा नगरपालिका-२० निवासी २० वर्षीय शिवकुमार यादवलाई पक्राउ गरेको छ ।

## सप्तरीको विभिन्न ...

उनको भनाई छ ।

यता निरन्तरको वर्षाले सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका तथा राजविराज नगरपालिकाको विभिन्न वडा समेत जलमग्न भएको छ । कतिपयका घरमा वर्षाको पानी पसेर दुई फिटसम्म पानी जमेको छ । पीडितहरुले अविलम्ब पानी निकासको व्यवस्थापन गर्न माँग गरेको छ ।

राजबिराजको वडा नं. १, २, ६, ७, १०, ११ १२, १५, लगायतका वडाहरूमा स्थानियहरूको घरघरमा पानी जमेपछि जनजिवन कष्टकर बनेको छ । राजबिराज २ स्थित राजदेबी पोखरी महाडका लक्ष्मी प्रसाद कर्णको घरमा ३ फिट पानी जमेर उनी घर बाहिर गर्न सकेका छैनन् । दुई दिन देखि घरमा पानी जमेर उनीहरू सुत्ने कोठा भित्रबाहिर पानी जमेपछि खानेकुरा सबै नष्ट भएकोले भाकै बस्न बाध्य भएको घरमुली कर्णले बताए ।

यसैगरी सोही वडाको स्थानिय डा. रामखेलावन यादब, खडगनारायण चौधरी, पंकज देव, बिरेन्द्र चौधरी, सुर्यबहादुर थापा लगायत दर्जनौको घरमा पानी जमेपछि घरवाट निस्किन समस्या भएको छ ।

राजबिराज १ स्थित खाडो नदिको तटबन्धमा रहेको डुमरी, शिवथान टोल अहिले पानी जमेर सर्वसधारणलाई घरबाहिर निस्किन समस्या भएको स्थानिय रामअवतार यादबले जानकारी दिए । यसैगरी राजबिराज ७ स्थित खर्साल टोलमा जमेको पानी निकास हुन नसक्दा सर्वसधारणलाई घरबाहिर तथा आवतजावत गर्न कठिनाई भएको स्थानिय रामनारायण मेहताले बताए ।


NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू



ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।

खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।

फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।

फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।

जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।

पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।


अनुरोधकर्ता : बलानबिहुल गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी



हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

यी रोगसँ बचबाक लेल की करैय परतई ?

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

आरो ध्यान देववाला बात :

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np